# सिकाइ निरन्तरता अभियान

## वैकल्पिक शिक्षा सम्बन्धी कार्यढाँचा

सिकाइ निरन्तरता अभियान

# टोल / समुदायमा आधारित शिक्षण




## सन्दर्भ :

विद्यालयमा गरिने औपचारिक अध्ययन अध्यापनको विकल्पका रूपमा निश्चित समुदायका विभिन्न उमेर र कक्षा समूहका बालबालिकासँग शिक्षक वा स्वयंसेवकहरूबाट गरिने सिकाइ सहजीकरणलाई समुदायमा गरिने टोल र समुदायमा आधारित शिक्षण भनिएको हो । यसमा विभिन्न सूचना र प्रविधिको संयोजन गर्न पनि सकिन्छ । स्व-अध्ययन सामग्री, रेडियो टेलिभिजनबाट जारी गरिएको पाठमा सहभागी गराउन र मूल्याङ्कन गराई सहजीकरण पनि गर्न सकिन्छ ।

## महत्व :

- सीमित विद्यार्थीहरूको इन्टरनेटमा पहुँच, सोही इन्टरनेट पनि सर्वसाधारणको क्रयशक्तिभन्दा माथिको खर्च भएको अवस्थामा, कोभिड-१९ लगायत अन्य विपद्का कारणले विद्यालयमा गरिने औपचारिक शिक्षण सिकाइ प्रक्रिया अवरुध्द भएको अवस्थामा समुदायमा गरिने सहजीकरण महत्त्वपूर्ण प्रणालीका रूपमा लिन सकिन्छ,
- यो प्रणालीले स्व-अध्ययन सामग्री, रेडियो, टेलिभिजन, अफलाइनका लागि बनाइएका सामग्रीहरूको प्रभावकारिता पनि बढाउन सकिन्छ,
- नेपालको आर्थिक सामाजिकरूपले पिछडिएको समुदायका बालबालिका तुलनात्मकरूपमा औपचारिक शिक्षाको अवसरबाट लाभान्वित हुन नसकेको र कोभिड-१९ जस्ता महामारी तथा विपद्बाट पनि शिक्षाबाट विमुख हुनसक्ने सर्वाधिक जोखिममा रहेका छन् । सोही समुदायका बालबालिका प्रविधिको पहुँचबाट समेत विमुख रहेको र तत्काल त्यो सम्बोधन गर्न नसकेको अवस्थामा यो विधि सर्वाधिक लाभदायक हुन्छ । यसरी शिक्षक वा सहजकर्तालाई समुदायमा परिचालन गर्न सक्दा बालबालिका र समुदायका अरु जोखिमी जनसङ्ख्यालाई बहुआयामिक सहयोग समेत गर्न सकिनेछ ।

## प्रभावकारी प्रयोग :

- सहजीकरण कार्य अगाडि नै समुदायको अवस्था अध्ययन, अभिभावक भेला, सहयोगका लागि आग्रह र सहयोगी संरचना निर्माण गर्नुपर्छ,
- कक्षा सञ्चालनका लागि सुरक्षित स्थान र आधारभूत सुविधाको व्यवस्थापन गर्नुपर्छ,
- स्वास्थ्य मापदण्ड कायम गर्ने रणनीति र सामग्रीहरू (मास्क, हात धुने व्यवस्था, बसाइ व्यवस्था) तयारी गर्नुपर्छ,
- मासिक एकाइ योजना (Unit Plan) निर्माण गर्नुपर्छ,
- विस्तृत पाठयोजना निर्माण (सहजकर्ताले दिनदिनै गर्ने काम) गर्नुपर्छ,

- विभिन्न विषयगत तहगत शिक्षक र स्रोत सहजकर्ताहरूसँग समन्वय गरेमा प्रभावकारिता बढ्नेछ । (केन्द्र वा मातृ विद्यालयमा गर्ने साप्ताहिक भेटघाटबाट),
- विद्यार्थी सहयोग (स्टेसनरी, विशेष सिकाइ सहयोग, सञ्चार, प्रविधि सञ्चालन आदि) को प्रवन्ध गर्नुपर्छ,
- बालकेन्द्रित विधि (अन्तरक्रिया, विद्यार्थीहरूको प्रस्तुतीकरण, अभ्यास, सम्बन्धित विषयवस्तु खोज्न र प्रस्तुत गर्न लगाउने, विषयवस्तुसँग सम्बन्धित खेल खेलाएर सिकाउने आदि) को बढीभन्दा बढी प्रयोग गर्ने वातावरण सिर्जना गर्नुपर्छ,
- बहुविधाको प्रयोग, लचिलो मूल्याङ्कन प्रणाली, सह र अतिरिक्त क्रियाकलापहरूको व्यवस्था गरेमा प्रभावकारिता बढ्नेछ ।

## पहुँच :

- बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि सम्बन्धित अभिभावकहरूलाई यो प्रक्रियामा सँगसँगै लैजानुपर्छ,
- स्थानीय स्रोतव्यक्ति, स्थानीय शिक्षण सामग्री र स्थानीय भाषामा सहजीकरण गर्दा पहुँच सुनिश्चितीतिर सुधार हुन्छ,
- त्यसका अतिरिक्त धेरै शिक्षण रणनीतिहरूको प्रयोग, सस्तो शिक्षण सामग्रीको प्रयोग, सकेसम्म धेरै सम्पर्क कक्षा, कक्षा लिने समयमा लचकता, मूल्याङ्कनमा विविधता गर्दा उल्लेखनीय सुधार हुनेछ,
- अपाङ्गताको प्रकार र तहको अध्ययन गरेर सम्बोधन, सहयोग गर्ने तथा बालबालिकालाई गरिने सहयोग सहजकर्ता स्वयंको सिफारिसमा गर्न सकेमा आवश्यक व्यक्तिसम्म पुग्न सकेर पहुँच सुनिश्चित गर्न सकिन्छ,
- गाउँघरमा रहेको छिमेकी विद्यालयमा, सामुदायिक भवन, सामाजिक सङ्घसंस्थाको भवन/टहरो, खाली घरगोठ र सामान्य टेन्ट लगाएर चौरमा पनि यो प्रणालीको अवलम्बन गर्न सकिन्छ ।

## शिक्षकमा आवश्यक ज्ञान/ सिप :


समुदायमा आधारित शिक्षणलाई प्रभावकारी बनाउन शिक्षकमा निम्न लिखित आधारभूत सिप हुनुपर्छ । जस्तै :

- समुदायमा गरिने सञ्चार सिप,
- शिक्षण सामग्री निर्माण सिप,
- मूल्याङ्कन सामग्री निर्माण गर्ने सिप,
- बालमैत्री सहजीकरणका आधारभूत मान्यताहरू र सिपहरू,
- बहुकक्षाको अवधारणा र आधारभूत सिपहरू,
- बालविकास र बाल मनोविज्ञानको ज्ञान ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
SMC Federation of Nepal
cnt ने.शि.म.
Nepal Education Cluster नेपाल शिक्षा समूह
unicef

सिकाइ निरन्तरता अभियान

# अपाङ्गता भएका बालबालिकाका लागि प्रयोग गर्न सकिने वैकल्पिक सिकाइका माध्यम



## सन्दर्भ :

विभिन्न प्रकारका विपद् तथा कोभिड-१९ को सङ्क्रमणका कारण शैक्षिक क्रियाकलाप सञ्चालन नभएको अवस्थामा अपाङ्गता भएका बालबालिकाहरूको सिकाइमा सहज र सरल पहुँच एवम् निरन्तर सिकाइका लागि उनीहरूको अवस्था, स्तर अनुसार अवरोधमुक्त उपयुक्त वातावरण तयार गरी वैकल्पिक सिकाइका माध्यमबाट सिकाइ निरन्तरता दिनु अपरिहार्य छ । आफ्नै घरटोल, समुदायमा अभिभावकको सहयोगमा शिक्षकले अपाङ्गता भएका बालबालिकाको अवस्था र स्तर अनुसार प्रत्यक्ष नियमित सिकाइ क्रियाकलापमा सहभागी गराउन निम्नानुसार क्रियाकलापबाट सिकाइ गराउन सकिन्छ । जस्तै :

- सुनाइ अपाङ्गता भएका बालबालिका : साङ्केतिक भाषा, हाउभाउ पूर्ण सञ्चार, कानमा लगाउने यन्त्र, अवलोकन, प्रयोगात्मक कार्य, बिस्तारै स्पष्ट आवाजमा बोलेर, चित्रको प्रयोग आदि,
- दृष्टि अपाङ्गता भएका बालबालिका : व्याख्या र प्रश्नोत्तर, स्पर्श विधि, ब्रेललिपिका माध्यमबाट सिकाइ सामग्री, उज्यालो, चम्किलो, स्पष्ट देख्न सकिने, ठुला अक्षर, चित्र भएका सामग्री आदि,
- श्रवणदृष्टि अपाङ्गता भएका बालबालिका : स्पर्श, वास्तविक सामग्रीहरूको प्रयोग आदि,
- स्वर र बोलाइसम्बन्धी अपाङ्गता : बोल्नका लागि पर्याप्त समय दिने, आवश्यकता अनुसार लिखित सञ्चार गर्ने प्रोत्साहनसहित सामग्री प्रयोग, मुखाकृति प्रष्ट देखिने गरी बिस्तारै व्याख्या आदि,
- शारीरिक अपाङ्गता भएका बालबालिका : अवस्था अनुकूल हुने गरी फर्निचर एवम् बसाइको व्यवस्थापन, सुनाइको प्रयोग, अवलोकन, वैकल्पिक अङ्गको प्रयोग, पाठ खण्डीकरण आदि,
- मनोसामाजिक अपाङ्गता भएका बालबालिका : रमाइलो वातावरण, सरल र छोटा क्रियाकलाप, अवलोकन, इच्छा र चाहना अनुसारका क्रियाकलाप, सङ्गीत आदि,
- अटिज्म भएका बालबालिका : समय तालिका बनाएर उठ्ने बस्ने, खेल्ने, व्यावहारिक क्रियाकलापमा आधारित लेखाइ पढाइ र अभ्यास, सङ्गीत, उन्ने बुन्ने, चित्र बनाउने रङ भर्ने क्रियाकलाप आदि,
- बौद्धिक अपाङ्गता भएका बालबालिका : पजल, डोमिनो, चित्र, सङ्गीत, कथाकथन, पाठ खण्डीकरण र सरलीकरण आदि,
- हेमोफिलिया अपाङ्गता भएका बालबालिका : अवस्था अनुकूल बसाइ व्यवस्था, चोटपटकबाट जोगाउने सचेतना, प्रोत्साहनसहितको सिकाइ सहयोग ।

## महत्त्व :

नेपालको संविधान धारा ३१ (३ र ४), शिक्षा ऐन, अपाङ्गता भएका व्यक्तिहरूका लागि अधिकारसम्बन्धी ऐन-२०७४, शिक्षा नीति २०७६, विद्यालय क्षेत्र विकास योजना लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र नीति निर्देशिका अनुसार सिकाइ गर्न पाउने अधिकार रहेको हुँदा यसले निम्नानुसार महत्त्व राखेको छ । जस्तै :

- घरटोलमै सरल र सहजरूपमा सबैलाई सिकाइ सुनिश्चितता गर्न,
- सिकाइमा पहुँच र सहभागितामा निरन्तरता दिन,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
SMC Federation of Nepal
cnt ने.शि.म.
Nepal Education Cluster नेपाल शिक्षा समूह
unicef

- अभिभावकको सहयोगमा स्थानीय सामग्रीहरूको प्रयोग गरी अपाङ्गमैत्री वातावरणमा शिक्षण सिकाइ गर्ने,
- सिकाइ उपलब्धिमा सुधार लगाउन ।

## प्रभावकारी प्रयोग :

- अपाङ्गता भएका बालबालिकाको सिकाइका सम्बन्धमा अभिभावकलाई सचेतीकरण गर्ने,
- अपाङ्गता भएका बालबालिकाको सिकाइ अवस्था र स्तर पहिचान गर्ने,
- सुरक्षित, स्वस्थ, अपाङ्गमैत्री सिकाइ स्थानको व्यवस्थापन गर्ने,
- अभिभावकको सहयोगमा वैयक्तिक शैक्षणिक योजना तयार र प्रयोग गर्ने,
- अपाङ्गता भएका बालबालिकाका लागि चाहिने सहायक सामग्रीहरू उपलब्ध गराउने,
- अपाङ्गमैत्री शैक्षणिक तथा सन्दर्भ सामग्री सङ्कलन, निर्माण र प्रयोग गर्ने,
- बालबालिकाको अवस्था र स्तर अनुसार एकीकृत शिक्षण सिकाइ क्रियाकलाप गर्ने,
- बालबालिकाको नियमित सिकाइ मापन गरी अभिलेखीकरण गर्ने ।

## पहुँच :

- टोल, समुदायमा अपाङ्गता भएका बालबालिकाको पहिचान गर्ने,
- वैकल्पिक शिक्षामा अपाङ्गता भएका बालबालिकाको सहभागिताका सम्बन्धमा अभिभावकसँग छलफल गर्ने,
- बालबालिकालाई सिकाउने शैलीका विषयमा अभिभावकलाई ज्ञान र सिप सिकाउने,
- अभिभावकले आफना नानीबाबुलाई वैकल्पिक शिक्षामा पहुँच पुऱ्याउने, र रेखदेख गर्ने,
- अभिभावकहरूलाई पालैपालो सिकाइ क्रियाकलापहरू अवलोकन गरी पृष्ठपोषण दिन लगाउने,
- वडा कार्यालय र प्रधानाध्यापकले समय समयमा अवलोकन गर्ने र पृष्ठपोषण दिने,
- अपाङ्गता भएका बालबालिकाको वैकल्पिक शिक्षामा उपस्थिति र सिकाइ अभिलेखीकरण गर्ने,
- अभिभावक र शिक्षकले बालबालिकाको सिकाइ अवस्थाका सम्बन्धमा साप्ताहिक रूपमा छलफल गर्ने ।

## शिक्षकमा आवश्यक सिप :

- अपाङ्गता भएका बालबालिकाको अवस्था र स्तर पहिचान गर्ने सिप,
- समावेशी बसाइ र अपाङ्गमैत्री वातावरण व्यवस्थापन सिप,
- एकीकृत शिक्षण सिकाइ क्रियाकलाप सहजीकरण सिप,
- अपाङ्गता मैत्री सिकाइ सामग्री निर्माण विकास तथा प्रयोग सम्बन्धी सिप,
- वैयक्तिक शैक्षणिक योजना निर्माण तथा प्रयोग सम्बन्धी सिप,
- विद्यार्थी तथा अभिभावकलाई प्रोत्साहन र उत्प्रेरणा गर्ने सिप,
- साङ्केतिक भाषा तथा ब्रेललिपिको आधारभूत सिप ।

***प्राविधिक सहयोग*** : *विश्व शिक्षा*

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

SMC Federation of Nepal

cnt ने.शि.म.

Nepal Education Cluster नेपाल शिक्षा समूह

unicef

सिकाइ निरन्तरता अभियान

# रेडियो शिक्षा



## सन्दर्भ :

वैदिक कालदेखि नै श्रव्य अर्थात् श्रुति परम्पराबाट शिक्षण सिकाइ परम्परा सुरु भए तापनि रेडियो शिक्षाको जग वि.सं. २०१५ सालमा प्रौढ कार्यक्रममार्फत् भएको हो । वि.सं. २०३५ को रेडियो शिक्षक तालिम, रेडियो नेपालबाट प्रसारित शैक्षिक रेडियो कार्यक्रम वैकल्पिक सिकाइ सहजीकरणका नवीनतम् प्रयोग हुन् । हालको विपद्का कारण सिर्जित सङ्कटबाट शिक्षा क्षेत्र र यससँग सम्बन्धीत विद्यालय, बालबालिका, शिक्षक र अभिभावक प्रत्यक्ष प्रभावित भइरहँदा सुनेर ज्ञान, सिप र अभिवृद्धिको विकास गराउने रेडियो शिक्षा वैकल्पिक सिकाइ सहजीकरण प्रक्रियालाई दूरदराजमा रहेका गाउँबस्तीसम्म पुऱ्याउने भरपर्दो माध्यम हुन सक्छ । त्यसैले रेडियोमार्फत् शिक्षा दिने कार्यलाई यहाँ रेडियो शिक्षाका रूपमा लिइएको छ ।

## महत्व :

रेडियो शिक्षा सञ्चालनकर्ता, सहजकर्ता, शिक्षक, अभिभावक र विद्यार्थीको सक्षमता अभिवृद्धि गर्ने माध्यम हो । यसले सबै सरोकारवालालाई सचेतीकरण गराउँदछ । विपद्का समयमा रेडियो शिक्षामार्फत् शिक्षक र अभिभावकलाई मनोसामाजिक परामर्श दिई, बालबालिकाको नकारात्मक व्यवहार र धारणामा परिवर्तन गरी सिकाइ तत्परताको विकास गर्न सकिन्छ । रेडियो शिक्षाबाट निम्न लिखित कार्य गर्न सकिन्छ । जस्तै :

- वैकल्पिक सिकाइ सहजीकरणलाई अर्थपूर्ण र उद्देश्यमूलक बनाउँदै प्रभावकारी सिकाइ सहजीकरण सामग्री तथ्यपूर्ण, सरल, समयसापेक्ष तथा विद्यार्थी र शिक्षक दुवैको ध्यानाकर्षण गर्न सक्ने बनाउन,
- बालकेन्द्रित सिकाइबाट ध्यानाकर्षण गर्न, धारणा स्पष्ट पार्न र उत्प्रेरित गर्न, सोच्न, सम्झन, तर्क दिन, क्रियाकलाप गर्न, कल्पना गर्न र कुनै विषयवस्तुप्रति चाख वृद्धि गर्न र व्यक्तिगत सिपको वृद्धि तथा विकास गर्न ।

बालकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक बनाउँदै सिकारुको रुचि र सिकाइ गति, सिकारुको क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई उत्प्रेरित गर्न रेडियो शिक्षाको भूमिका महत्त्वपूर्ण हुन्छ । मनको कुरा सुनिदिने, मनलाई बलियो बनाउने, सिर्जनात्मक क्रियाकलापमा सहभागी गराउने र सिकाइ तत्परताको विकास गर्ने बनाउन सके रेडियो शिक्षाको सान्दर्भिकता र आवश्यकता झन् प्रस्ट हुने छ ।

## प्रभावकारी प्रयोग :

रेडियो शिक्षालाई प्रविधिको पहुँच, विद्यालयको अवस्था, बालबालिकाको पारिवारिक पृष्ठभूमिले प्रत्यक्ष प्रभाव पार्छ । दक्ष जनशक्तिको अभाव, स्रोतको अभाव, कमजोर मनोबल, सूचनाको अभाव, लगनशीलताको अभाव, सिक्ने संस्कृतिको अभाव भएमा रेडियो शिक्षाको प्रभावकारी प्रयोग सम्भव हुँदैन । अत : विद्यार्थीको उमेर र व्यक्तित्वका आधारमा सामग्री छनोट, स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको तयारी, शैक्षिक सामग्रीको व्यवस्थापन, प्रस्तुतीकरण, प्रतिक्रिया र मूल्याङ्कनका क्षेत्रमा विशेष ध्यान दिनुपर्छ ।

### (क) कार्यक्रम सञ्चालन

(अ) कार्यक्रम उत्पादनको पूर्व तयारी

कार्यक्रमका उपभोक्ता (शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय) लाई सचेतीकरण गर्ने, कार्यक्रमको उद्देश्य र मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा पूर्व जानकारी गराउने, प्राविधिक जनशक्ति र बजेटको व्यवस्थापन गर्ने, स्थानीय तहले रेडियो शिक्षालाई हेर्ने र अनुगमन गर्ने एउटा संयन्त्र बनाउने ।

(आ) कार्यक्रम प्रसारण

बिच बिचमा कुनै प्रश्न राखिदिने, प्रश्न सोध्नेलाई सम्मान गर्दै कार्यक्रम अन्तर्क्रियात्मक बनाउने, विद्यार्थीले तयार गरेका लेख/रचना र घरमै बसेर गरेका परियोजना कार्यलाई प्रसारण गरिदिने ।

(इ) कार्यक्रम प्रसारणपश्चात्

कार्यक्रम प्रसारण भएपछि अभिभावक, शिक्षक वा अन्य सरोकारवालाबाट निरन्तर पृष्ठपोषण लिने, आगामी कार्यक्रममा सिकारुको रुचिअनुसार आआफ्नो परिवेशअनुकूल सिक्ने वातावरण सिर्जना गरिदिने ।

### (ख) तहगत सिकाइ

(अ) बालविकासदेखि कक्षा तीनसम्म

बालबालिकाको स्थानीय परिवेश र बालबोलीको छनोट तथा अभिनय, बालबालिकाहरूले मलाई सिकाइरहेका छन् भन्ने महसुस गर्ने किसिमको प्रस्तुति, सिकाइलाई दैनिक जीवन पद्धतिसँग आबद्ध गर्दै व्यवहारकुशल सिप हासिल गर्न सिकाइलाई खण्डीकरण हुन नदिई एक विषय क्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी एकीकृत सिकाइमा जोड दिने ।


नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

SMC Federation of Nepal

cnt नि.शि.म.

Nepal Education Cluster
नेपाल शिक्षा समूह

unicef

(आ) आधारभूत तह (कक्षा ४-८)

स्तरअनुकूल भाषा र परिवेशको छनोट, सिर्जनात्मक र अन्तर्क्रियात्मक प्रस्तुति, प्रोत्साहन र उत्प्रेरणामा आधारित सिकाइमा जोड दिने ।

### (ग) विषयगत सन्दर्भ

स्वयम् सिकाइ, दौँतरी सिकाइ, शिक्षकको आंशिक सहयोग, शिक्षकको पूर्ण सहयोग चाहिने विषयक्षेत्रका सम्बन्धमा निरन्तर जानकारी गराउने, तथा निर्धारित समयभित्र सम्प्रेषण गर्नुपर्ने सूचना, सन्देश वा छलफलका विषयवस्तु नक्साङ्कन गर्ने ।

## पहुँच :

हाम्रो परिवेशमा विद्यार्थीसमक्ष पुग्ने उपयुक्त माध्यम रेडियो हो । कोभिड-१९ तथा अन्य विपद्बाट प्रभावित हुन पुगेको कक्षाकोठाभित्रको प्रत्यक्ष सिकाइ सहजीकरण प्रक्रिया यतिखेर रेडियो शिक्षाका माध्यमले अगाडि बढ्दै छ । सबैलाई सिकाइ प्रक्रियामा जोड्न र यसको प्रयोग सुनिश्चित गर्न निम्नानुसार कार्य गर्नुपर्छ । जस्तै :

- कुन रेडियो वा एफएम रेडियोले कुन बार, कुन समयमा केकस्ता शैक्षिक कार्यक्रम प्रसारण गर्छन् भन्ने सूचना दिने *(नेपाल सरकारबाट प्रसारण हुने कार्यक्रम समयतालिका cehrd.gov.np मा उपलब्ध छ ।),*
- सहज, सुलभ र सबैको पहुँचमा वैकल्पिक शिक्षा कार्यक्रम विस्तारीकरणमा जोड दिने,
- श्रवण शक्ति कमजोर भएका विद्यार्थीलाई थप वैकल्पिक सहजीकरणको योजना बनाउने,
- सहजकर्ता, विद्यार्थी र अभिभावकलाई प्रविधिमैत्री बनाउँदै समय व्यवस्थापन गर्न उत्प्रेरित गर्ने ।

### पहुँच विस्तारका लागि सरोकारवालाको भूमिका

(क) स्थानीय तह :

सिकाइ सहजीकरण केन्द्र स्थापना गर्ने, शिक्षक तथा विद्यार्थीको सहभागितामा सिकाइ सहजीकरण कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने/गराउने, स्थानीय भाषा र परिवेशअनुसारका कार्यक्रम उत्पादन तथा प्रसारणका लागि स्थानीय शिक्षकलाई सहजकर्ता तथा मूल्याङ्कनकर्ताका रूपमा परिचालन गर्ने, स्थानीय तहमा प्रविधिको पहुँच, विद्यालयको अवस्था र बालबालिकाको पारिवारिक पृष्ठभूमि हेरी रेडियो शिक्षाको पहुँच विस्तारमा थप कार्यक्रम तर्जुमा गर्ने, क्षमता अभिवृद्धि तालिम प्याकेज बनाउने ।

(ख) विद्यालय :

स्थानीय तहको समन्वयमा सिकाइ केन्द्र स्थापना गरी सञ्चालन गर्ने, शिक्षकलाई स्रोत शिक्षकका रूपमा प्रोत्साहन गर्ने, विद्यार्थी र शिक्षक दुवैलाई कार्यक्रमको समय, कार्यक्रमको विषयक्षेत्र आदिका सम्बन्धमा पूर्व जानकारी गराउने, सुने नसुनेको वा त्यसको प्रभाव बुझ्न संयन्त्र बनाउने, वैकल्पिक सिकाइलाई मूल्याङ्कनसँग जोड्न थप कार्यक्रम आयोजना गर्ने ।

(ग) अभिभावक :

क्षमतामा विविधता, घरायसी कामको व्यस्तता भएकाले पहुँच विस्तारका लागि अभिभावकलाई सचेतीकरण गर्ने, समुदायमा सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न सक्रिय रहने, आफ्ना बालबालिकालाई जीवनोपयोगी, परम्परागत तथा सामाजिक व्यवहारकुशल सिप सिक्न/सिकाउन उत्प्रेरित गर्ने ।

(घ) शिक्षक :

समुदायमा स्रोत शिक्षक तथा सहजकर्ताका रूपमा काम गर्न विद्यालयमा सम्पर्क राख्ने, पाठ्यविषयको छनोट, नक्साङ्कन, विद्यार्थीको स्तरअनुकूलको प्रस्तुति, प्राविधिक सिप सिक्न उत्प्रेरित हुने, रेडियो शिक्षाको पहुँच विस्तारका लागि समुदायमा प्रचारप्रसार गर्ने, रेडियो कार्यक्रमलाई मनोरञ्जनात्मक र बालमैत्री बनाउने ।

## शिक्षकमा आवश्यक सिप :

रेडियो शिक्षालाई प्रभावकारी बनाउन शिक्षकमा निम्नलिखित आधारभूत सिप हुनुपर्छ । जस्तै :

- कोभिड-१९ तथा अन्य विपद्ले बालबालिकामा सिर्जित मनोसामाजिक समस्या पहिचान र समाधान
- आफ्ना र अरूका संवेगहरू, अभिप्रेरणा र व्यवहारहरूलाई अध्ययन एवम् व्यवस्थित गर्न सक्ने योग्यता
- सिकाइलाई प्रभावकारी र अन्तर्क्रियात्मक बनाउने सिप
- रेडियो कार्यक्रमसम्बन्धीत आधारभूत ज्ञान तथा सिप
- सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति र पूर्वज्ञानको न्यूनतम् पूर्वानुमान गर्ने सिप
- तहगत सक्षमता र कक्षागत सिकाइ उपलब्धिको ज्ञान
- सिकाइ सिप, रचनात्मक सोच सिप, प्रयोग सिप ।

सिकाइ निरन्तरता अभियान

# अनलाइन शिक्षा



## सन्दर्भ :

नेपाल सरकारको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ ले तोकेको वैकल्पिक माध्यम मध्येको एक माध्यम अनलाइन शिक्षा हो । इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनहरूको पहुँचमा रहेका विद्यार्थीहरूको समूहलाई यकिन गरी चालु शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षाका पाठ्यक्रमले तोकिएअनुसारका उपलब्धि हासिल हुनेगरी अनलाइन सिकाइ सामग्रीहरू प्रयोग गरी साइबर सुरक्षा निर्देशिका https://mocit.gov.np/,%20https://doit.gov.np/np/page/cyber-security-awareness को अधीनमा रही विभिन्न एप्लिकेसनहरूका माध्यमद्वारा पठनपाठन गर्ने माध्यम अनलाइन शिक्षा हो । यसै अन्तरगत निश्चित समयमा शिक्षकले भौतिक कक्षा जस्तै चलाउनु अनलाइन कक्षा हो ।

## महत्व :

- घरभित्र सीमित र निराश भएर बसेका बालबालिकाका लागि अनलाइन कक्षाले सहज तरिकाले घरमै बसेर शिक्षाको पहुँचसम्म ल्याउन मदत गर्छ,
- अनलाइन कक्षा निश्चित तालिका अनुसार चल्ने भएकाले स्व:अनुशासन विकासमा बालबालिकालाई मदत पुऱ्याउँछ,
- बालबालिकाले अहिलेको विषम परिस्थितिमा भोग्दै आएका मानसिक तनाव तथा निराशालाई पराजित गरी आत्मबल विकास गर्न सहयोग गर्छ,
- विद्यार्थीहरूलाई गृहकार्य, कक्षाकार्य, अन्तरक्रिया तथा विभिन्न क्रियाकलापहरूमा सहभागी गराउँदा उनीहरूलाई आफ्नो विद्यालय जीवन पुन: फर्केको महसुस गरी उनीहरू आफूलाई निरन्तर सिकाइमा जोड्न सक्दछन्,
- नयाँ सिकाइ प्रविधिसँग घुलमिल हुने र त्यससँग सम्बन्धीत आवश्यक सिप सिक्ने अवसर प्राप्त हुन्छ ।

## प्रभावकारी प्रयोग :

- बालबालिकाको पहुँच निर्क्यौल गरी उनीहरूलाई अनलाइन कक्षामा सहभागिताका लागि परामर्श वा अभिभावक अभिमुखीकरण कार्यक्रम तय गर्ने,
- शिक्षक तथा अभिभावकले बालबालिकालाई अनलाइन कक्षामा आउँदा पर्नसक्ने समस्या तथा सहजर्ताका सम्बन्धमा अगाडि नै सचेतीकरण गर्ने,
- अनलाइन शिक्षामा विद्यार्थीहरू जोडिदा बोल्न अप्ठ्यारो मान्ने, नबुझेर निराश हुने, अडियो भिडियो बन्द गरेर अन्य कुरामा लाग्न सक्नेजस्ता समस्या आउन नदिन पहिले नै उनीहरूलाई शिक्षक तथा अभिभावकले मनोपरामर्श प्रदान गर्ने,
- अनलाइन शिक्षामा जोडिन आवश्यक पर्ने विभिन्न एप्लिकेसन तथा प्रविधिसँग विद्यार्थीहरूलाई परिचित बनाउने र उनीहरूलाई परेको समस्याको पहिचान गरी आवश्यक समाधान गरिदिने,
- अनलाइन कक्षामा विद्यार्थीको सक्रियतालाई ध्यान दिई क्रियाकलापहरू गराउने, विशेषगरी बालकेन्द्रित विधि (अन्तरक्रिया, विद्यार्थीहरूको अनलाइन प्रस्तुतीकरण, अभ्यास, सम्बन्धीत विषयवस्तु खोज्न र प्रस्तुत गर्न लगाउने, विषयवस्तुसँग सम्बन्धीत खेल खेलाएर सिकाउने आदि) को बढीभन्दा बढी प्रयोग गर्ने वातावरण सिर्जना गर्ने,
- बालबालिकाहरूलाई सिकाइप्रति आकर्षित गर्नका लागि विभिन्न अडियो, भिडियो, फोटो तथा स्लाइड प्रस्तुतीकरण बढी मात्रामा गर्ने,
- विद्यार्थीहरूलाई लामो समय व्यतीत गर्न लगाउँदा डिजिटल स्क्रिनले उनीहरूलाई दीर्घकालमा स्वास्थ, विशेषगरी आँखासँग सम्बन्धीत विभिन्न समस्याहरू आउन सक्ने भएकाले निम्न लिखित कुरामा ध्यान पुऱ्याउने :
  - ३ देखि ५ वर्षसम्मका बालबालिकाका लागि अनलाइन शिक्षाको व्यवस्था गर्दा एउटा सत्र बढीमा १५ मिनटको र दिनभरिमा बढीमा २ ओटा सत्र मात्र गर्ने,

- कक्षा १ देखि ८ सम्मका बालबालिकाका लागि दिनमा एउटा सत्र बढीमा २० मिनेटको र जम्मा ४ ओटा मात्र सत्रहरू गर्ने,
- कक्षा ६ देखि ८ कक्षाका विद्यार्थीका लागि एक दिनमा ४५ मिनेटको २ ओटा कक्षा गरी डेढ घण्टाको अनलाइन कक्षामा मात्र पढाउने,
- यस समयावधिमा कक्षा लिँदा पनि विद्यार्थीहरूलाई एकोहोरो एकै ठाउँमा बसेर कक्षा लिनुभन्दा समय समयमा २ देखि ४ मिनेट आसन परिवर्तन गर्न लगाउने साथै शारीरिक क्रियाकलापमा पनि सरिक गराउने,
- विद्यार्थीहरूले अध्ययन गर्न बसेको ठाउँ प्रशस्त प्रकाश र हावा आवत जावतको व्यवस्था मिलाइदिन शिक्षकले अभिभावकसँग सहकार्य गर्ने,
- डिजिटल उपकरण १८ देखि २४ इन्चको दुरीमा राख्ने, कम्प्युटर स्क्रिनलाई आँखाको सतहबाट १५ देखि २० डिग्री तल राख्ने,
- ढाड सिधा हुने गरी बस्ने या अगाडि कुप्रो नपर्ने, बेडमा सुतेर, सोफामा पल्टेर वा धेरै नजिकबाट मोबाइल तथा कम्प्युटर स्क्रिन नहेर्ने, आँखामा सिधा बाह्य प्रकाशका किरणहरू नपार्ने, प्रत्येक २० मिनेटमा आफ्नो आसनको ख्याल गर्ने र सुधार्ने जस्ता कुरामा शिक्षक तथा अभिभावकले विद्यार्थीहरूलाई सहजीकरण गर्न मदत गरिदिने,
- लामो समय डिजिटल स्क्रिनमा हेर्दा आँखामा समस्या हुन नदिन दिनमा दुई पटक बिहान र बेलुका सफा र चिसो पानीले आँखा पखाल्ने, दिनमा कम्तीमा २ देखि ३ लिटर पानी पिउने, बिहानीपख मन तातो पानीमा सफा कपडा भिजाई निचोरेर आँखालाई सेक्ने,
- डिजिटल उपकरणको प्रयोग गर्दा प्रत्येक २० मिनेटमा २० सेकेण्डको विश्राम लिने र २० फिट टाढाका वस्तुहरू हेर्ने, दुई घण्टाको निरन्तर प्रयोगमा कम्तीमा १५ मिनेटको ब्रेक अनिवार्य लिने, समय समयमा आँखा झिम्काउने, पुरै बन्द गर्ने र खोल्ने प्रक्रिया बारम्बार गर्ने तथा सुत्नुभन्दा कम्तीमा १ घण्टा अगाडि नै विद्युतीय उपकरण हेर्न बन्द गर्ने,
- आँखाको दृष्टि धमिलो भए तथा टाउको दुख्ने समस्या भए आँखा जाँच गराउने जस्ता कुराहरूमा पनि शिक्षक तथा अभिभावकले सहजीकरण गर्ने गराउने । (*नेपाल दृष्टि विशेषज्ञ सङ्घ*)

## पहुँच :

- अभिभावकले आफ्नो बच्चाको लागि डिभाइस तथा इन्टरनेटको व्यवस्था गरिदिने,
- डिभाइस तथा इन्टरनेट सुविधाबाट वञ्चित समूहका लागि, स्थानीय तहले बालबालिकाको सङ्ख्या हेरेर डिभाइस तथा इन्टरनेटको सुविधा भएका सिकाइ केन्द्रहरूको प्रत्येक टोलटोलमा १ वा २ ओटाको सङ्ख्यामा व्यवस्था गरिदिने,
- इन्टरनेटको पहुँच भएका विद्यालयले सामाजिक दुरी कायम गरेर एउटा कक्षामा ५ देखि १० जनासम्म विद्यार्थीहरूलाई राखेर डिभाइस तथा इन्टरनेट सुविधा उपलब्ध गराई अनलाइन कक्षा सहभागितामा सहयोग गर्ने,
- वाइफाइ तथा निःशुल्क इन्टरनेटको सुविधा नभएका ठाउँमा अहिले NTC लगायतका विभिन्न दुर सञ्चारका माध्यमहरूबाट उपलब्ध सुपथ मूल्यका डाटा प्रयोग गर्ने,
- सिकाइ चौतारी ( https://learning.cehrd.edu.np/ ) लाई पूर्ण रूपमा उपयोग गर्ने,
- नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना २०७७ तथा विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि अनुसार सार्वजनिक विद्यालयका शिक्षक र विद्यार्थीबिच सिकाइ सम्पर्क कायम गराउने विद्यार्थी र शिक्षकलाई मोबाइल सेवाको पाठशाला Closed User Group (CUG) मा आबद्ध गराउने । विस्तृतमा :
  - https://cehrd.gov.np/file_data/mediacenter_files/media_file-1-1136122789.pdf
  - https://ntc.net.np/post/paathshala-cug-sim-distribution

## शिक्षकमा आवश्यक सिप :

अनलाइन शिक्षाका लागि शिक्षकमा आवश्यक सिपहरू निम्नानुसार छन् । जस्तै :

- आधारभूत प्रविधि साक्षरता
- प्रभावकारी समय व्यवस्थापन
- मूल्याङ्कन गर्ने सिप
- तहगत सक्षमता र कक्षागत सिकाइ उपलब्धिको ज्ञान
- उपयुक्त शैक्षणिक विधिको छनोट तथा कार्यान्वयन गर्ने सिप

सिकाइ निरन्तरता अभियान

# टेलिभिजन शिक्षा



## सन्दर्भ :

महामारी तथा अन्य विपद्का कारण अवरुद्ध सिकाइ प्रणालीलाई सुचारु गर्न, विद्यालय जाने उमेरका बालबालिकामा नियमितरूपमा सिक्ने वातावरण सिर्जना गर्न, प्रभावकारी र व्यवस्थित सिकाइ गर्ने माध्यम टेलिभिजन शिक्षा पनि हो । यो कार्यक्रम दुई किसिमबाट सञ्चालन गर्न सकिन्छ । स्वीकृत पाठ्यक्रम अनुसार निश्चित तहगत उद्देश्य हासिल गर्नका लागि पाठहरूलाई क्रमिकरूपमा प्रसारण गरेर र अर्को चाँहि शिक्षाको राष्ट्रिय उद्देश्य हासिल गर्नैका लागि उमेर र तहगतरूपमा आवश्यकता अनुसारका विषयवस्तुलाई प्रसारण गरेर । यसको उद्देश्य स्तरीय शिक्षा प्रदान गर्नुका साथै चाहेको जस्तो नागरिक देशका लागि तयार पार्नु हो । साथै निरर्थक र पट्यार लाग्दो सिकाइबाट टाढा राखी मनोरञ्जनात्मक सिकाइ गर्नु पनि हो ।

## महत्व :

सिकाइलाई निरन्तरता दिन र २१ औं शताब्दीको शिक्षा प्रणालीलाई अवलम्बन गर्न, बालकेन्द्रित सिकाइ गर्न र निरस शिक्षा माध्यमलाई बदल्न टेलिभिजन शिक्षा प्रभावकारी हुन सक्छ । टेलिभिजन शिक्षाको महत्त्व निम्नानुसार रहेको छ । जस्तै :

- हेर्दै रमाउदै सिक्ने वातावरण सिर्जना गर्न, ध्यानाकर्षण गर्न, सोच्ने र तर्क गर्ने क्षमता अभिवृद्धि गर्न,
- सिकाइ दिगो र प्रभावकारी बनाउन, साथै विद्यालय शिक्षाप्रतिको धारणा परिवर्तन ल्याउन,
- भौतिक दुरी कायम गर्दै सिक्ने अवसर प्रदान गर्न,
- बालबालिकाको बौद्धिक, सामाजिक, भावनात्मक र शारीरिक (*तहगत र उमेरगत रुजुसूची, परियोजना कार्य, समूह कार्य, जोडी सिकाइमार्फत्*) क्षमता पहिचान गर्न र वर्गीकरणले सिकाइलाई सहज बनाउन,
- बालबालिकाले आफ्नो रुचि र प्राथमिकता अनुसारका कार्यक्रममा सहभागी गराउन ।

## प्रभावकारी प्रयोग :

टेलिभिजन शिक्षालाई प्रभावकारी बनाउन सञ्चालन अघि के, कहाँ, कहिले, किन र कसरी भनी योजना तर्जुमा गर्नु पर्छ । साथै बालबालिकाको उमेरगत र तहगत आधारमा स्थानीय स्रोत र सामग्री प्रयोग गरी प्रस्तुतिमा पनि विशेष ध्यान दिनुपर्छ । यसका साथै निम्न लिखित तयारी गर्नु पर्छ । जस्तै :

### (क) कार्यक्रम सञ्चालन पूर्व तयारी

- विषय विज्ञसँग निरन्तररूपमा सल्लाह सहयोग लिने,
- विषयवस्तु, समयका सम्बन्धमा प्रष्ट धारणा बनाउने,
- शिक्षक तथा अभिभावकलाई अभिमुखीकरण गरी उद्देश्य, सञ्चालन प्रक्रिया र महत्त्वका सम्बन्धमा प्रस्ट पार्ने,
- बालबालिकालाई सक्रिय सहभागी गराउन विद्यालय तथा अभिभावकलाई घचघच्याउने,
- कार्यक्रमको निरन्तरताका लागि अन्य सरोकारवालासँग छलफल गर्ने,

### ख) कार्यक्रम प्रसारण

- प्रस्तोता ज्ञान, सिप र दक्षतामा निपूर्ण हुने गरी तयारी गरेर प्रस्तुति गर्ने,
- पाठमा आधारित शिक्षणका लागि कक्षाकोठा जस्तो वातावरण देखाउने,
- कार्यक्रमको बिच बिचमा शिक्षक, विद्यार्थी तथा अभिभावकबाट सल्लाह सुझाव सङ्कलन गर्ने,
- विद्यार्थीको सक्रिय सहभागिताका लागि समय तालिका निर्धारण गरी दिने,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
SMC Federation of Nepal
cnt ने.शि.म.
Nepal Education Cluster नेपाल शिक्षा समूह
unicef

- निरास र पट्यार लाग्दो नहोस् भनेर कार्यक्रमलाई अन्तर्क्रियात्मक तथा बाल सहभागिता पूर्णरूपमा गराई कार्यक्रमलाई मनोरञ्जनात्मक बनाउने ।

(ग) कार्यक्रम प्रसारणपश्चात्

- नियमित उपस्थित भएको कुरा घर परिवारले जानकारीमा राखी सम्बन्धीत ठाउँमा जानकारी गराउने,
- तहगत र उमेरगत रुजुसूची, समूहमा, जोडीमा र एक्लै सिकाइ परियोजना कार्य लिने दिने,
- विद्यार्थीले प्रत्यक्ष लाभ लिए नलिएको अनुगमन गर्ने र कठिनाइको मात्रा पहिचान गरी समस्या समाधानको व्यवस्था मिलाउने ।

(घ) तहगत सिकाइ

- बालमैत्री भाषा प्रयोग गरी राष्ट्रियता झल्कने व्यवहार आदिको सिकाइ गर्ने,
- जीवन पद्धतिसँग मेल खाने, एकीकृत, सिर्जनात्मक, टेवा दिने र उत्प्रेरणात्मक सिकाइ गर्ने ।

## पहुँच :

(क) स्थानीय तहको भूमिका :

- पहुँच भएका र नभएका बालबालिका छुट्टयाएर कार्यक्रम सुनिश्चित गर्ने,
- केन्द्रीय प्रसारणमार्फत् कार्यक्रम सञ्चालन गर्ने, पहुँच नभएको ठाउँमा अन्य स्थानीयबाट प्रसारण गर्न दिने,
- नेपालका स्थानीय भाषामा र अपाङ्गता भएका बालबालिकाका लागि सुलभ प्रक्रिया अपनाउने,
- पहुँचको सुनिश्चितता गर्न टोली व्यवस्थापन गरी कक्षागत र विषयगत तालिका बनाई सार्वजनिक गर्ने ।

(ख) विद्यालयको भूमिका :

- पहुँच भएका र नभएका बालबालिकाको अभिलेख तयार गर्ने, पहुँच नभएमा स्थानीय तह र विद्यालयको समन्वयमा आवश्यक पहल गर्ने,
- शिक्षकलाई तथा माथिल्ला कक्षाका विद्यार्थीलाई सहजकर्ताका रूपमा परिचालन गरी विद्यार्थी अभिभावक भेटघाट कार्यक्रमा सल्लाह लिने र दिने,
- कार्यक्रमको जानकारी, उद्देश्य र आवश्यक सहयोगका सम्बन्धमा अभिभावकलाई सचेतीकरण गर्ने आदि ।

(ग) शिक्षक :

- टेलिभिजन शिक्षाका सम्बन्धमा आवश्यक तहको सबै जानकारी राख्ने र कुशल अनुकरणीय भूमिका निर्वाह गर्ने,
- विषयवस्तुको ज्ञान, विद्यार्थीको विवरण र नक्साङ्कनका सम्बन्धमा जानकारी राख्ने,
- कार्यक्रमप्रति सकारात्मक सोच विकास गरी समुदायमा प्रचार प्रसार गर्ने,
- शिक्षक, विद्यार्थी र अभिभावकको सम्बन्ध सुमधुर बनाउने ।

(घ) अभिभावकको भूमिका :

- हरेक दिन आफ्ना नानीबाबुका क्रियाकलापमा ध्यान दिने र आवश्यक सामग्रीको व्यवस्थापन गरी दिने,
- अभिभावकले सिकाइमा सक्रिय भूमिका निर्वाह गर्दै समय र स्थान व्यवस्थापन गरी दिने ।

*(नेपाल सरकारबाट प्रसारण हुने कार्यक्रमको विवरण तथा समय तालिका cehrd.gov.np मा उपलब्ध छ ।)*

## शिक्षकमा आवश्यक सिप :

टेलिभिजन शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन शिक्षकमा निम्नलिखित आधारभूत सिप हुनुपर्छ । जस्तै :

- विषयवस्तुको ज्ञान, आावश्यक सामग्री निर्माण एवम् सङ्कलन तथा प्रयोग र विद्यार्थीसँग अन्तर्क्रिया गर्ने सिप,
- बालबालिकाका उत्सुकता, समस्या पहिचान र समाधानका लागि सकारात्मक भावसहितको पृष्ठपोषण दिने सिप ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
SMC Federation of Nepal
cnt ने.शि.म.
Nepal Education Cluster नेपाल शिक्षा समूह
unicef

# अभिभावक शिक्षा



## सन्दर्भ :

हालको कोरोना भाइरस सङ्क्रमण तथा अन्य विपद्का समयमा बालबालिका धेरै समय अभिभावकहरूसँग बिताइरहेका हुन्छन् ।साधारण अवस्थामा पनि बालबालिकाको विकास तथा सिकाइमा अभिभावकको ठुलो भूमिका हुन्छ । तसर्थ अभिभावकहरूलाई बालबालिकाको सर्वाङ्गीण विकास र सिकाइका लागि आवश्यक वातावरण तयार गर्न, बालबालिकाको विकास र सिकाइमा अभिभावकको सहभागिता वृद्धि गर्न अभिभावक शिक्षाको आवश्यकता पर्छ । बालबालिकाको उमेर अनुसारको विकास र सिकाइका लागि अभिभावकको ज्ञान, सिप र सकारात्मक धारणा अभिवृद्धि गर्न सञ्चालन गरिने कार्यक्रम अभिभावक शिक्षा हो ।

## महत्व :

- विशेषगरी बालबालिकाको पूर्ण क्षमताको विकासका लागि जीवनको पहिलो ८ वर्ष निकै नै महत्त्वपूर्ण मानिन्छ । यस समयमा मस्तिष्कको विकास असाध्यै छिटो हुने भएकाले बालबालिकाको सिकाइ र विकासका लागि उपयुक्त वातावरण तयार गर्न अभिभावकको महत्त्वपूर्ण भूमिका हुन्छ,
- सामान्य अवस्थामा नै पनि बालबालिकाले माया, प्रशंसा र हौसला चाहन्छन् भने विपद्को समयमा त झन अतिरिक्त माया र साथ आवश्यक पर्छ । यसका लागि घरमा अभिभावकले उनीहरूको कुरा सुनिदिने तथा उनीहरूलाई रमाइलो बनाउने कुरा तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्छ,
- अभिभावकहरूले छोराछोरीसँग गुणस्तरीय समय बिताउने गर्नु पर्छ । जस्तैः उनीहरूको जिज्ञासा पूरा गर्ने, उनीहरूसँग खेल्ने वा उनीहरूको कुरा सुनिदिने, सोधेका प्रश्नको चित्त बुझ्दो उत्तर दिने, असल बानीको विकास गर्न व्यक्तिगत तथा वातावरणीय सरसफाइमा सहभागी गराउने, रोग, महामारी र सुरक्षा सावधानीका सम्बन्धमा बताउने, सिर्जनात्मक क्रियाकलापहरूमा सहभागी हुने वातावरण मिलाउने आदि,
- यसका लागि अभिभावकको ज्ञान, सिप र क्षमता बढाउनु पर्ने भएकाले अभिभावक शिक्षा कार्यक्रमको महत्त्व अझ बढी छ ।

## प्रभावकारी प्रयोग :

- अभिभावक शिक्षा कार्यक्रम अभिभावकलाई नै लक्षित गरेर सञ्चालन गरिने भएकोले सबै वर्ग र क्षेत्रका अभिभावकलाई यस कार्यक्रमले समेट्नु पर्छ । यो कार्यक्रम सामान्य अवस्थामा पनि आवश्यक कार्यक्रम भएकाले यसको प्रभावकारी तथा नियमित सञ्चालनका लागि सबै अवस्थामा वैकल्पिक विधिहरूको प्रयोग गर्न सकिन्छ,
- यसका लागि विभिन्न माध्यमहरूको प्रयोग गरी अभिभावकहरूलाई बालबालिकाको विकास र सिकाइका सम्बन्धमा जानकारीहरू नियमित र निरन्तर प्रसारण गर्नुपर्छ । जस्तो कि गर्भवती आमाले के गर्ने र बाबु तथा परिवारका अन्य सदस्यले कसरी गर्भवती महिलाको हेरबिचार र स्याहारसुसार गर्न सक्दछन् आदि,
- बालबालिकाको उमेर अनुसारको आवश्यकता फरकफरक हुने भएकाले उमेर अनुसारको विकासका अवसर प्रदान गर्ने वातावरण र एकीकृत सेवाहरू दिन सकिन्छ भन्ने कुरा अभिभावकलाई बुझाउन पर्छ,
- अभिभावकले घरमा बालबालिकाको सिकाइलाई सहयोगी वातावरण कसरी तयार गर्न सक्दछन् छलफल गराउन सकिन्छ,
- अभिभावक शिक्षा कार्यक्रमलाई एक पटकको क्रियाकलापका रूपमा मात्र नलिई नियमित तथा निरन्तर सञ्चालन गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ,

- सहजकर्ताले अभिभावकहरूको निरन्तर घरमा गरिने कार्यहरूका सम्बन्धमा अभिभावकसँग छलफल गर्ने, उनीहरूका प्रश्न तथा जिज्ञासामा सहयोग गर्दै बालबालिकाका लागि सकारात्मक वातावरण तयार गर्न थप सहयोग गर्ने व्यवस्था गर्नुपर्छ,
- अभिभावक सहयोगी समूह (अभिभावक क्लब) बनाई नियमित कुराकानी, छलफल र अनुभव आदान प्रदान गर्ने वातावरण बनाइदिनुपर्छ ।

निम्न लिखित माध्यमबाट अभिभावक शिक्षा सञ्चालन गर्न सकिन्छ । जस्तै :

- गर्भवती भएदेखि नै स्वास्थ्य संस्था तथा सम्बन्धित स्थानीय तहको वडाबाट,
- महिला स्वास्थ्य स्वयंसेविका तथा पोषण कार्यकर्ताबाट,
- समुदायमा रहेका विभिन्न समूह जस्तै: आमा समूह, सामुदायिक वन उपभोक्ता समूह तथा अन्य कृषि, बचत सहकारी समूहहरू, आदि बाट,
- विद्यालयका कक्षा शिक्षकमार्फत् बालबालिकाको सिकाइ र विकासका बारेमा अभिभावकलाई अभिमुखीकरण गरेर,
- बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाका सहजकर्ता र शिक्षकबाट बालबालिकाको सिकाइ र विकासका सम्बन्धमा अभिभावकलाई अभिमुखीकरण गरेर,
- बालक्लब तथा किशोरकिशोरी क्लबमार्फत् अभिभावक तथा समुदायलाई अभिमुखीकरण गरेर,
- रेडियो तथा टेलिभिजनबाट अभिभावक सचेतनाका कार्यक्रमहरू प्रसारण गरेर ।

## पहुँच :

- स्वास्थ्य संस्थामा अभिभावक शिक्षा दिन मिल्ने गरी दक्ष जनशक्तिको विकास गर्ने,
- विद्यालयका प्रत्येक कक्षा शिक्षकलाई अभिभावक शिक्षा सञ्चालनका लागि क्षमता अभिवृद्धि गर्ने,
- स्थानीय तहसँग समन्वय गरी प्रत्येक वार्डमा कम्तीमा एकजना बालविकासको दक्ष जनशक्ति (सहजकर्ता) तयार गर्ने र नियमित अभिभावक कक्षा सञ्चालन गराउने,
- अभिभावक सचेतनासम्बन्धी एनिमेटेड भिडियोहरू बनाएर प्रसारण गर्ने,
- स्थानीय भाषामा श्रव्यदृश्य सामग्री बनाउने र प्रचार प्रसार गर्ने,
- रेडियो तथा टेलिभिजनबाट नियमित कार्यक्रम प्रसारण गर्ने,
- अभिभावक शिक्षा रेडियो कार्यक्रम सिक्दै सिकाउदैका सबै अङ्कहरू निम्न लिखित लिंकमा उपलब्ध छन् । जस्तै :
  https://www.unicef.org/nepal/ne/avivawak
  पुन:प्रसारणका लागि kathmandu@unicef.org मा मेल गरी लिन सक्नुहुन्छ ।
- अभिभावक शिक्षाको प्याकेज र जानकारी निम्न लिखित लिंकमा उपलब्ध छन् :
  https://doe.gov.np/category/policies-and-directives.html

## शिक्षकमा आवश्यक ज्ञान/ सिप :

अभिभावक कक्षा सञ्चालनका लागि निम्न लिखित ज्ञान तथा सिपको आवश्यक पर्छ । जस्तै :

- बालबालिकाको सर्वाङ्गीण विकासका सम्बन्धमा जानकारी
- बालबालिकाको विकास र सिकाइका सम्बन्धमा जानकारी
- प्रभावकारी सञ्चार तथा सहजीकरणका सिप
- अभिभावक शिक्षाका सम्बन्धमा जानकारी
- बालमैत्री क्रियाकलापका सम्बन्धमा जानकारी

सिकाइ निरन्तरता अभियान

# स्व-अध्ययन सामग्री



## सन्दर्भ :

हालको अवस्थामा सिर्जित परिस्थितिले गर्दा बालबालिका विद्यालय जानबाट बञ्चित भई घरमा नै बस्न बाध्य भएका छन् । नयाँ परिवेशमा बालबालिकाको सिकाइमा पनि वैकल्पिक विधिहरूको खोजी र प्रयोग गर्नुपर्ने हुन्छ । विभिन्न वैकल्पिक विधिहरूमध्ये स्व-अध्ययन सामग्रीको प्रयोग पनि एउटा प्रभावकारी सिकाइको विधि हो । स्व-अध्ययन सामग्री भन्नाले बालबालिका आफैँले वा शिक्षक, अभिभावक वा अन्य व्यक्तिहरूको थोरै सहयोगले सिक्न सक्ने गरी निर्माण गरिएका सामग्रीलाई बुझाउँदछ । अत्यधिक प्रयोगमा आएका केही स्व-अध्ययन सामग्रीहरू निम्न अनुसार छन् । जस्तै :

१. पाठ्यपुस्तक
२. सान्दर्भिक पठन सामग्री
३. विद्यार्थी कार्यपुस्तिका
४. खोजमूलक कार्यहरू
५. घरमै गर्न सकिने परियोजना कार्य
६. छोटा श्रव्य, दृश्य सामग्रीहरू
७. कथा, कविता, खेल आदि ।

## महत्व :

स्व-अध्ययन सामग्रीका महत्त्व सामान्यतया: जुनसुकै समयमा पनि हुन्छ । हालको जस्तै विपद्जन्य परिवेशमा यसको महत्त्व झनै बढी हुन्छ । बालबालिकालाई स्व-अध्ययन सामग्रीका माध्यमले सिकाउन सकिएमा निम्न लिखित पक्षमा सम्बोधन गर्न सकिन्छ । जस्तै :

- सिकाइलाई निरन्तरता दिन,
- विभिन्न सिकाइ क्रियाकलापहरूमा संलग्न गराई पाठ्यक्रमले तोकेको न्यूनतम् सिकाइ उपलब्धि हासिल गर्न,
- खोजमूलक सिकाइमा प्रेरित गर्न,
- घर र समुदायमा घट्ने घटना र परिवेशलाई सिकाइसँग जोड्न ।

## प्रभावकारी प्रयोग :

विद्यार्थीहरूबाट स्व-अध्ययन सामग्रीको प्रभावकारी प्रयोग सुनिश्चित गर्न देहायका कार्यहरू गर्न आवश्यक छ । जस्तै :

- प्रत्येक विद्यालयले आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको समुदायमा मानव संसाधन नक्साङ्कन (Human Resource Mapping) गर्ने । मानव संशाधन शिक्षक, अभिभावक, माथिल्लो कक्षामा पढ्ने विद्यार्थी र अन्य स्वयम्सेवकहरू हुन सक्दछन्,
- बालबालिकाको सङ्ख्या र घरहरूबिचको दूरीका आधारमा प्रत्येक समुदायमा केही सिकाइ केन्द्रहरू निर्माण गर्ने,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
SMC Federation of Nepal
cnt ने.शि.म.
Nepal Education Cluster नेपाल शिक्षा समूह
unicef

३. मानव संशाधान नक्साङ्कन (Human Resource Mapping) बाट पहिचान गरिएकाहरूलाई प्रत्येक सिकाइ केन्द्रमा सहजकर्ताका रूपमा परिचालन गर्नुपर्छ,

४. समुदायभित्र बालबालिकाको स-साना समूहहरू बनाउने र उपलब्ध गराइएको स्व-अध्ययन सामग्रीहरूका सम्बन्धमा छलफल चलाउने,

५. निश्चित समयको अन्तरालमा (जस्तैः हप्ताको २ दिन) सहजकर्ताहरूले बालबालिकालाई टेलिफोनमार्फत् वा सिकाइ केन्द्रमा प्रत्यक्ष भेटी स्व-अध्ययन सामग्रीहरूमा राखिएका क्रियाकलापहरूका सम्बन्धमा छलफल गर्ने, आवश्यक सहयोग गर्ने र सम्पन्न गरेका क्रियाकलापहरूमा पृष्ठपोषण दिने ।

## पहुँच :

१. सम्पूर्ण सिकाइ केन्द्रका बालबालिका तथा अभिभावकलाई सहजकर्तामार्फत् स्व-अध्ययन सामग्री वितरण गरी त्यसलाई कसरी प्रयोग गरी क्रियाकलापहरू सम्पन्न गर्ने भन्ने कुराको अभिमुखीकरण गराउने,

२. स्थानीय तहहरूले विषयगतरूपमा दक्ष शिक्षकहरूको समूह निर्माण गरी ती शिक्षकहरूलाई स्थानीय आवश्यकताहरू पहिचान गर्न लगाई स्थानीयस्तरमा नै स्व-अध्ययन सामग्रीहरूको निर्माण गर्ने,

३. स्थानीय सन्दर्भ, चाडबाड, रीतिरिवाज, वेशभूषा, संस्कृतिलाई दृष्टिगता गरी स्व-अध्ययन सामग्रीहरू बनाउने,

४. शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र अन्य निकायहरूले निर्माण गरेका प्रभावकारी स्व-अध्ययन सामग्रीहरूको पहिचान गर्ने, सङ्कलन गर्ने र प्रत्येक सिकाइ केन्द्रमा आवश्यकता अनुसार उपलब्ध गराउने संयन्त्र प्रत्येक स्थानीय तहले तयार गर्ने ।

### उपयोगी वेभसाइट :

सिकाइ चौतारी : https://learning.cehrd.edu.np

स्वाध्ययन तथा सिकाइ क्रियाकलाप सामग्री : https://doe.gov.np/article/1101/test.html

पाठ्यक्रम विकास केन्द्र : https://moecdc.gov.np

## शिक्षकमा आवश्यक सिप :

स्व-अध्ययन सामग्रीको प्रयोगलाई प्रभावकारी बनाउन शिक्षकमा निम्नलिखित आधारभूत सिप हुनुपर्छ । जस्तै :

१. स्व-अध्ययन सामग्रीहरू प्रमाणिक (Authentic) स्थानबाट खोजी गर्ने,

२. स्थानीय आवश्यकता अनुसार स्व-अध्ययन सामग्रीहरूको निर्माण गर्ने,

३. प्रभावकारी सञ्चार तथा सम्बन्ध विस्तार गर्ने,

४. स्थानीय, प्रदेश तथा सङ्घीय तहमा समन्वय गर्ने,

५. समुदायमा विभिन्न विषय क्षेत्रमा सहजीकरण गर्न सक्ने व्यक्तिहरूको पहिचान गर्ने,

६. बालबालिकाको क्षमता पहिचान गर्ने ।

सिकाइ निरन्तरता अभियान

# टेलिफोनमा आधारित शिक्षणसिकाइ



## सन्दर्भ :

भौतिकरूपमा विद्यालयको कक्षाकोठामा उपस्थित भएर शिक्षणसिकाइ कार्य गर्न नसकिएको विभिन्न विपद्का अवस्थामा साधारण टेलिफोन वा मोबाइल फोनको प्रयोग गरी वैकल्पिक सिकाइको अवधारणा र प्रयोगलाई अगाडि बढाउन सकिन्छ । टेलिफोनमा आधारित शिक्षणसिकाइअन्तर्गत निम्नलिखित प्रकारका शिक्षणसिकाइलाई कार्यान्वयन गर्न सकिन्छ । जस्तै :

- टेलिफोनमार्फत् शिक्षणसिकाइ: शिक्षकले अभिभावक वा विद्यार्थीलाई टेलिफोनमार्फत् सिकाइ क्रियाकलाप प्रदान गर्ने,
- सन्देशमार्फत् शिक्षणसिकाइ: शिक्षकले अभिभावक वा विद्यार्थीलाई एस.एम.एस.मार्फत् सिकाइ क्रियाकलाप प्रदान गर्ने,
- टेलिफोन वृक्षमार्फत् शिक्षणसिकाइ: शिक्षकले 'क' विद्यार्थीलाई बताएको क्रियाकलाप, पाठ वा सिकाइ सारलाई 'क' विद्यार्थीले अन्य पाँच विद्यार्थीलाई टेलिफोनमार्फत् सिकाउने,
- टेलिफोन कार्यशाला गरी शिक्षणसिकाइ: टेलिफोन कार्यशाला गरी शिक्षकले एकै पटकमा ६ जनासम्म विद्यार्थीलाई पठनपाठन गर्ने,
- मोबाइल मिसकलमा आधारित शिक्षणसिकाइ: विद्यार्थीले सिकाइका क्रममा शिक्षकको आवश्यकता पर्नासाथ मोबाइलमा मिस कल दिने र शिक्षकले तत्काल टेलिफोनमार्फत् सिकाइ क्रियाकलाप प्रदान गर्ने वा विद्यार्थीको प्रश्नको उत्तर दिने ।

## महत्व :

बहुसूचक सर्वेक्षण, २०१९ अनुसार नेपालका ९६.२ प्रतिशत घरधुरीमा टेलिफोनको पहुँच रहेको हुँदा वैकल्पिक शिक्षामा पहुँच तथा प्रभावकारी बनाउन टेलिफोनमा आधारित शिक्षणसिकाइ महत्त्वपूर्ण छ । साथै दैलेखका केही पालिकामा यो प्रभावकारीरूपमा प्रयोग हुँदै आएको पनि छ । मुख्यतया: निम्नलिखित कारणले टेलिफोनमा आधारित शिक्षणसिकाइ महत्त्वपूर्ण मानिन्छ । जस्तै :

- सिकाइलाई बालकेन्द्रित गरी दिगो र परिणाममुखी बनाउन सहयोगी हुन्छ,
- सिकाइको अवसर सबैलाई समानरूपमा प्रदान गर्न सकिन्छ । वैयक्तिक शिक्षणसमेत हुने हुँदा विशेष गरी कमजोर विद्यार्थीको सिकाइमा सबलता प्राप्त हुन्छ,
- विद्यार्थीमा आवश्यक अन्तरव्यक्ति सञ्चार सिप र टेलिफोन प्रविधिको उचित प्रयोगसम्बन्धी सिप हासिल हुन्छ,
- सिकाइलाई प्रविधिमैत्री बनाउँदै दुर्गम भेकमा बसोबास गर्ने विद्यार्थीहरूलाई समेत शिक्षण गर्न सकिन्छ,
- शिक्षक र विद्यार्थीबिच सकारात्मक र सुमधुर सम्बन्ध स्थापित हुन्छ । यस कारण यो सिकाइ सरल र रुचिपूर्ण हुन्छ ।

## प्रभावकारी प्रयोग :

- टेलिफोनमा आधारित शिक्षणसिकाइका लागि शिक्षक तथा अभिभावकहरूलाई प्राविधिक रूपमा सहयोग र अभिमुखीकरण गर्ने,
- हरेक विद्यालयले अनिवार्य सियुजी सर्भिसमा दर्ता गर्नका लागि आवश्यक समन्वय गर्ने । स्थानीय तहले सोका लागि प्रेरित गर्ने तथा आवश्यक सहयोग उपलब्ध गराउने । विस्तृतमा विद्यालय सञ्चार सञ्जालीकरण कार्यविधि हेर्नुहोस् । https://cehrd.gov.np/file_data/mediacenter_files/media_file-1-1136122789.pdf

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
SMC Federation of Nepal
cnt ने.शि.म.
Nepal Education Cluster
नेपाल शिक्षा समूह
unicef

- सिकाइ क्रियाकलापहरू निर्माण गरी सो कार्यान्वयनका लागि कार्य तालिका बनाउने,
- आवश्यक रूपमा विद्यार्थी तथा अभिभावकको सहयोग लिने गरी टेलिफोन वृक्षमार्फत् शिक्षण अभ्यासको प्रयोग गर्ने,
- हरेक विद्यार्थी तथा साना बालबालिकाका हकमा अभिभावकलाई घरमा गरेका क्रियाकलापको अभिलेखीकरण गरी कार्यसञ्चयिका र पोर्टफोलियो निर्माण गराउन प्रेरित गर्ने,
- बालबालिकाले गरेका क्रियाकलापहरू एक आपसमा र शिक्षकलाई देखाउने र पृष्ठपोषणको परिपाटी विकास गर्न सामाजिक सञ्जाल तथा समुदायमा साना समूहको प्रयोग गर्ने ।

## पहुँच :

- हरेक घरधुरीमा सहजीकरण गर्ने एक जना अभिभावक तोक्ने,
- तोकिएको अभिभावक घरमा नहुँदा पनि बालबालिकालाई सिकाइ क्रियाकलाप पुग्ने गरी वैकल्पिक अभिभावक वा छिमेकी पनि तोक्ने,
- हरेक घरमा सिकाइ कुनाको स्थापना गर्न प्रेरित गर्ने र सकेसम्म आवश्यक हुनासाथ शिक्षकलाई सम्पर्क गर्न मिल्ने गरी टेलिफोनमा पहुँच सुनिश्चित गर्ने,
- सबै अभिभावकलाई विद्यालयले नेपाल टेलिकमको सियुजी सर्भिसमा दर्ता गर्ने । यस सेवाअन्तर्गत CUG भित्र असीमित कुराकानी गर्न सकिने भ्वाइस सेवा, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट https://learning.cehrd.edu.np चलाउन पाँच जिबी डाटा सेवा र बल्क एस.एम.एस. सुविधा उपलब्ध छ ।

  विस्तृतमा: https://www.ntc.net.np/post/paathshala-cug-sim-distribution
- टेलिफोनबाट सञ्चालन गर्न सकिने पूर्व प्राथमिकदेखि कक्षा ८ सम्मका बालकेन्द्रित क्रियाकलापका उदाहरणहरू निम्निलिखत वेबसाइटमा उपलब्ध छन् :

  https://learning.cehrd.edu.np

  https://www.unicef.org/nepal/ne/avivawak

## आवश्यक सिप :

टेलिफोनमा आधारित शिक्षणलाई प्रभावकारी बनाउन शिक्षकमा निम्नलिखित आधारभूत ज्ञान तथा सिप हुनुपर्छ । जस्तै :

- टेलिफोनमा आधारित सञ्चार सिप
- टेलिफोनमा आधारित शिक्षणसिकाइसँग सम्बन्धित आधारभूत ज्ञान
- सिकाइलाई प्रभावकारी र अन्तरक्रियात्मक बनाउने सिप
- सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति र पूर्वज्ञानको न्यूनतम् पूर्वानुमान
- पाठ्यक्रममा निर्दिष्ट तहगत सक्षमता र कक्षागत सिकाइ उपलब्धिको ज्ञान
- सिकाइ सिप, रचनात्मक सोच सिप र प्रयोग सिप ।

सिकाइ निरन्तरता अभियान

# सिकाइ सहयोगका लागि अभिभावक समूह




## सन्दर्भ :

बालबालिकाको पहिलो पाठशाला घर हो भने आमाबाबु पहिलो शिक्षक हुन् । परिवारका सदस्यहरूबाट सिकेर नै बालबालिकाको शारीरिक, मानसिक एवम् समाजिक पक्षको विकास हुन्छ । जीवनलाई सहज बनाउन विद्यालय शिक्षाको आवश्यकता पर्ने हुँदा बालबालिकालाई विद्यालयमा भर्ना गरेर शिक्षित बनाइन्छ । बालबालिकालाई विद्यालयमा भर्ना गर्दैमा अभिभावकको दायित्व पूरा हुदैन । विद्यार्थीहरू शिक्षकसँग विहान १० बजेदेखि दिउँसो ४ बजेसम्म केवल ६ घण्टा मात्र रहन्छन् भने बाँकी १८ घण्टा त अभिभावकसँग नै हुने हुँदा विद्यार्थीको पठनपाठन सुधारमा अभिभावकको महत्त्वपूर्ण भूमिका हुन्छ । विद्यालयमा सिकाएर मात्र बालबालिकाको पढाइ पूरा नहुने हुँदा उनीहरूलाई घरमा पढ्ने वातावरण सिर्जना गर्नु अभिभावकको कर्तव्य हुन आउँछ । अझ विपद्मा विद्यालय सञ्चालन हुन नसकेको समयमा बालबालिकाको सिकाइ सुनिश्चितता गर्न अभिभावक स्वयम् सजग बन्नु पर्ने हुन्छ । शिक्षाको गुणस्तर वृद्धिका लागि विद्यालय तथा घरमा बालबालिकाको अध्ययन गर्ने बानी विकास गर्दै सिकाइ निरन्तरतामा सहयोग पुऱ्याउने उद्देश्यका साथ अभिभावकहरूको समूह बनाई परिचालन गरिने कार्यक्रम सिकाइ सहयोगका लागि अभिभावक समूह हो । यसलाई छोटकरीमा अभिभावक समूह पनि भन्न सकिन्छ । विद्यार्थीको अध्ययनमा निरन्तरता र सुधार ल्याउन प्रत्येक अभिभावकलाई सङ्गठित र सशक्तकरण गर्दै सक्रिय सहभागिताको सुनिश्चितता गर्नु यो कार्यक्रमको लक्ष्य हो ।

## महत्व :

बालबालिकाको सिकाइ निरन्तरता र सुधारमा अभिभावक समूहको महत्त्वपूर्ण भूमिका रहन्छ । खास गरी यो कार्यक्रमको महत्त्व यस प्रकार छन् । जस्तै :

- विद्यालय प्रशासन, शिक्षक, अभिभावक र विद्यार्थी बिच सुमधुर सम्बन्ध कायम गरी बालबालिकाको सिकाइमा सुधार गर्न,
- कारणबस लामो समयसम्म विद्यालय बन्द रहन गएको अवस्थामा अभिभावकमार्फत् बालबालिकाको सिकाइलाई निरन्तरता दिन,
- विद्यालयद्वारा सञ्चालित कार्यक्रमहरूका सम्बन्धमा अभिभावकलाई जानकारी दिन तथा सहभागी गराउन,
- अभिभावकको अवस्था पहिचान गरी बालबालिकाको सिकाइमा सहयोग पुग्ने किसिमका सिप विकासका लागि बैठक, छलफल, अन्तरक्रिया तथा तालिम सञ्चालन गर्न,
- निश्चित टोल क्षेत्रभित्रका अभिभावकको समूह बन्ने हुँदा उनीहरूको परिवेश अनुसार बालमैत्री सिकाइ वातावरण तयार गर्न,
- अभिभावक समूहलाई आम सञ्चार माध्यममा सहजै जोडी पठनपाठनसम्बन्धी सूचना सम्प्रेषण गर्न,
- बालबालिकाको सिकाइसम्बन्धी अध्ययन अनुसन्धानमा अभिभावकहरूलाई सहभागी गराउन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
SMC Federation of Nepal
cnt ने.शि.म.
Nepal Education Cluster
नेपाल शिक्षा समूह
unicef

## प्रभावकारी प्रयोग :

- विद्यालयले अभिभावकहरूको अभिलेख तयार गरी भूगोल, चालचलन, भाषा संस्कृति आदि सामिप्यताका आधारमा एक परिवार एक सदस्य हुने गरी १५ देखि २० परिवारको अभिभावक टोल समूह (आवश्यक रूपमा कक्षागत वा तहगत) तथा सो समूहका लागि सम्पर्क शिक्षक तय गरी विद्यालय व्यवस्थापन समितिबाट पारित गर्ने,
- टोल समूहको भेलाले सदस्यहरू मध्येबाट एक जना संयोजक र एकजना उपसंयोजक चयन गर्ने,
- टोल समूहको बैठकबाट बालबालिकाको सिकाइ सहयोग, हालको अवस्थामा वैकल्पिक शिक्षाको प्रभावकारी प्रयोग मुख्य हुने गरी कार्ययोजना निर्माण तथा लागु गर्ने,
- कार्ययोजना सँगसँगै अभिभावकले बालबालिकाको सिकाइ अवसर सुनिश्चित गर्नका लागि बालबालिकालाई घरमा दिनु पर्ने समय तथा सिकाइ वातावरणसम्बन्धी अभिभावकको आचारसंहिता तयार गरी लागु गराउने,
- टोल समूहलाई प्रभावकारी परिचालन गर्न विद्यालय व्यवस्थापन समितिले सम्पर्क शिक्षकमार्फत् तालिम तथा गोष्ठीको आयोजना गर्ने,
- टोल समूहको बैठक कम्तीमा दुई हप्ताको एकपटक बस्ने तथा निर्णय प्रक्रिया प्रजातान्त्रिक र सहभागितामूलक बनाउने,
- टोल समूहमा प्रत्येक सदस्यले आफ्ना बालबालिकाले त्यो अवधिमा गरेको प्रगति विवरण प्रस्तुत तथा छलफल गर्ने,
- टोल समूहले गरेका काम कारवाहीको अनुगमन तथा सुपरिवेक्षण विद्यालय व्यवस्थापन समितिबाट गर्ने व्यवस्था मिलाउने ।

## पहुँच

- विद्यालयमा अध्ययनरत बालबालिकाको घरटोलमा उनीहरूका अभिभावक आमा, बुवा, बाजे, बजै, दाजु, भाउजु, दिदीहरूको टोल अभिभावक समूह गठन हुनेछ,
- प्रत्येक अभिभावक समूहबाट एकजना महिला अनिवार्य पर्ने गरी दुई दुई जना रहेको एउटा वडा अभिभावक समूह तयार हुनेछ,
- विद्यालय व्यवस्थापन समितिले तोकेको समिति सदस्यको अध्यक्षतामा विद्यालय अभिभावक समूह गठन गरिने छ जसमा शिक्षक अभिभावक सङ्घ, शिक्षक, विद्यार्थीका प्रतिनिधिहरू र वडा अभिभावक समूह प्रमुख सदस्य हुनेछन् ।

## शिक्षकमा आवश्यक सिप

सिकाइ सहयोगका लागि अभिभावक समूहलाई उचितरूपमा परिचालन गर्न शिक्षकमा प्रभावकारी सञ्चार सिप, समूह परिचालन, अभिलेखीकरण, बहुविधागत शिक्षण सिपहरूको आवश्यकता पर्छ ।

सिकाइ निरन्तरता अभियान

# मनोसामाजिक सहयोग



## सन्दर्भ :

कोभिडको महामारी तथा अन्य विपद्‌को अवस्थामा विद्यार्थीहरूको डर एवम् तनाव व्यवस्थापन गरी उनीहरूमा सिकाइ तत्परताको विकास गर्न तथा विद्यार्थीहरूमा जटिल प्रकारका मानसिक स्वास्थ्य समस्या विकसित हुन नदिनका लागि मनोसामाजिक सहयोग प्रदान गर्नु सान्दर्भिक हुन्छ ।

## मनोसामाजिक सहयोगको आवश्यकता :

विपद्‌को समयमा बालबालिकामा बढी नै आत्तिने, शान्तसँग बस्नै नसक्ने, रिसाउने, चिन्ता डर तथा असुरक्षाको भावना विकसित हुन सक्छ । त्यसैगरी कतिपय बालबालिकामा त उदासिनताको समस्या देखिनुका साथै आत्महत्याको समस्या पनि बढेको पाइन्छ । विपद्‌का कारण उत्पन्न हुने तनाव वा आघातजन्य समस्याले बालबालिकामा निम्नानुसार नकारात्मक असर देखिन सक्छन् । जस्तै :

| व्यवहार | बौद्धिक विकास /सिकाइ | शरीर |
|---|---|---|
| जिद्दी गर्ने/शान्तसँग बस्न नसक्ने | भाषाको विकासमा ढिलाइ | टाउको दुख्ने, छाती दुख्ने |
| जोखिमपूर्ण व्यवहारमा संलग्न हुने | नयाँ सिप सिक्न नसक्ने | निदाउन नसक्ने |
| बिर्सने समस्या समाधानको क्षमतामा कमी | सिकाइ तत्परतामा कमी/ सिकाइ असक्षमता बढ्ने | पाचन प्रक्रियामा गडबढी हुने |
| लागुपदार्थ दुर्व्यसनमा संलग्न हुने | **भावनात्मक स्वास्थ्य** | श्वास फेर्न गाह्रो हुने |
| आफू तथा अरूलाई क्षति हुने व्यवहार गर्ने | भावना व्यवस्थापनमा समस्या | बिनाकारण थकानको महसुस गर्ने |
| **सम्बन्ध** | चिन्ता, डर/ | |
| भावना व्यक्त गर्ने सिपमा कमी | उदासिनता /आत्महत्या | |
| साथी बनाउन तथा साथीहरूसँग रमाउन नसक्ने | आफूलाई मूल्यहीन ठान्ने | |
| साथीसँग गाढा सम्बन्ध बनाउन नसक्ने/सामाजिक क्रियाकलापमा घुलमिल हुन नसक्ने | आत्म विश्वासमा कमी/ हिनताबोध | |

यदि समयमा नै बालबालिकाको मनोसामाजिक स्वास्थ्य समस्यालाई सम्बोधन गर्न सकिएमा :

- बालबालिकाको सिकाइ तथा विद्यालयप्रतिको नकारात्मक धारणा घटाउन सकिन्छ,
- उनीहरूमा सिकाइ तत्परताको विकास गर्न सकिन्छ,
- विद्यालय नजाने तथा बिचैमा पढाइ छाड्ने समस्यालाई रोक्न सकिन्छ,
- आत्महत्याको रोकथाम गर्न सकिन्छ,
- उनीहरूमा जटिल प्रकारको मानसिक स्वास्थ्य समस्या हुनबाट रोक्न सकिन्छ ।

मनोसामाजिक सहयोगका वैकल्पिक विधिहरूका रूपमा निम्न लिखित क्रियाकलापहरूलाई लिन सकिन्छ :

- सिकाइ केन्द्रहरूमार्फत् सञ्चालन गरिने मनोवैज्ञानिक प्राथमिक सहयोग,
- अभिभावक मनोशिक्षा,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
SMC Federation of Nepal
cnt ने.शि.म.
Nepal Education Cluster
नेपाल शिक्षा समूह
unicef

- रेडियो तथा टेलिभिजनमार्फत् बालबालिकाको डर तथा तनाव व्यवस्थापनका विधि, तरीकाहरू एवम् अभिभावकहरूले घरमा आफ्ना छोराछारीसँग कस्तो व्यवहार गर्ने भन्ने सम्बन्धमा जानकारीहरू प्रदान,
- हेल्पलाइनमार्फत् गरिने टेलिफोन मनोपरामर्श सेवा आदि ।

## अभिभावकबाट मनोसामाजिक सहयोग :

- विपद्को समयमा बालबालिकालाई अतिरिक्त माया र चासो चाहिन्छ । उनीहरूका मनको कुरा सुनिदिने तथा उनीहरूको मनलाई बलियो तथा रमाइलो बनाउने क्रियाकलापहरू सञ्चालन गर्नुपर्छ,
- घरमा अभिभावकहरूले छोराछोरीसँग गुणात्मक समय विताउने गर्नु पर्छ । जस्तै: उनीहरूका जिज्ञाशा तथा मनका कुरा सुनिदिने र चित्त बुझ्दो उत्तर दिने, महामारी र सुरक्षा साबधानीका सम्बन्धमा बुझाउने, सिर्जनात्मक क्रियाकलापहरूमा सहभागी हुने वातावरण मिलाउने आदि ।

## विद्यालयमा मनोसामाजिक सहयोग :

विपद्को समयमा मात्रै नभएर विद्यालयमा सधैं नै बालबालिकाका लागि मनोसामाजिक सहयोगका क्रियाकलाप सञ्चालन गर्नु पर्छ । हालको महामारीको समयमा प्रत्यक्षरूपमा मनोसामाजिक सहयोगका क्रियाकलापहरू सञ्चालन गर्न गाह्रो हुने हुँदा सिकाइका वैकल्पिक विधिहरूसँगै निम्न लिखित मनोसामाजिक सहयोगका क्रियाकलापहरू पनि सञ्चालन गर्न सकिन्छ । जस्तै :

- विद्यालयका सम्पूर्ण शिक्षकहरूलाई विपद्को समयमा बालबालिकामा विकसित हुनसक्ने तनाव तथा मनोसामाजिक समस्याहरूको पहिचान तथा व्यवस्थापनका सम्बन्धमा अभिमुखीकरण,
- विद्यालयमार्फत् सञ्चालन गरिने सिकाइ क्रियाकलापका सन्दर्भमा हरेक दिन कम्तिमा दुई ओटा मनोसामाजिक प्रवर्धनात्मक तथा तनाव व्यवस्थापनका क्रियाकलापहरू सञ्चालन,
- सिकाइ केन्द्रहरूमा बालबालिकालाई सानो सानो समूहमा मनोवैज्ञानिक प्राथमिक सहयोग सेसनहरू सञ्चालन,
- धेरै दु:खी देखिने, डराउने, सिकाइ क्रियाकलापमा सहभागी हुन नसक्ने एवम् रमाउन नसक्ने बालबालिकाको पहिचान गरी उनीहरूलाई मनोसामाजिक फोकल शिक्षकहरूमार्फत् मनोसामाजिक परामर्श सेवा सञ्चालन,
- जटिल समस्या भएका बालबालिकालाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाका लागि सम्प्रेषण,
- रेडियोबाट बालबालिकाको डर तथा तनाव व्यवस्थापन एवम् अभिभावकको भुमिकाका सम्बन्धमा जानकारी प्रदान,
- विद्यालय, सिकाइ केन्द्र तथा टोलटोलमा नै पुगेर भए पनि मनोशिक्षा प्रदान आदि ।

## मनोसामाजिक सहयोगमा पहुँच :

- प्रत्येक विद्यालयमा दुई दुई जना शिक्षकलाई मनोसामाजिक फोकल शिक्षकका रूपमा विकास गर्ने,
- विद्यार्थी मनोसामाजिक फोकल शिक्षकमार्फत् प्राथमिक मनोवैज्ञानिक सहयोग, मनोसामाजिक परामर्श तथा अभिभावक मनोशिक्षा सञ्चालन गर्ने,
- स्थानीय निकायसँग समन्वय गरी कम्ती एउटा स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मीलाई राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट स्वीकृत ढाँचामा आधारित रहेर मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सम्बन्धी तालिम दिने र रिफरल संस्थाका रूपमा विकास गर्ने,
- जटिल मनोसामाजिक समस्या भएका बालबालिकालाई रिफरल स्वास्थ्य संस्थामा रिफर गर्ने,
- यदि स्थानीय तहमा मानसिक स्वास्थ्य सेवा पाइने व्यवस्था नभएमा शिक्षक, विद्यार्थी तथा अभिभावक सबैलाई टेलिफोन मार्फत् विज्ञ स्तरको सेवाका लागि निम्न अनुसार हेल्प लाइन नम्बर उपलब्ध गराउने ।

*सि.एम.सी. नेपालको टोल फ्रि नम्बर १६६०१८५०८० , त्रि. वि. शिक्षण अस्पताल महाराजगञ्ज-आत्महत्या रोकथाम हेल्प लाइन १६६००१२१६०० र कान्ति बाल अस्पताल-बाल मनोचिकित्सा हेल्प लाइन १६६००११०६६६*

***प्राविधिक सहयोग*** *: सि.एम.सी. नेपाल*

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
SMC Federation of Nepal
cnt नेे.शि.म.
Nepal Education Cluster नेपाल शिक्षा समूह
unicef

सिकाइ निरन्तरता अभियान

# विद्यार्थी मूल्याङ्कन



## सन्दर्भ :

मूल्याङ्कनलाई सिकाइ उपलब्धि प्राप्त गर्ने साधनका रूपमा लिइन्छ । अर्थात् सिकाइका आधारमा निर्णय गर्नका लागि आवश्यक सूचना प्रदान गर्ने कार्य नै मूल्याङ्कन हो । विभिन्न विद्वान्हरूले निर्धारित उद्देश्यहरू प्राप्त गर्ने सन्दर्भमा विद्यार्थीले देखाएको प्रगतिको निर्धारणलाई मूल्याङ्कन भनेका छन् । वास्तवमा परिणामात्मक एवम् परिमाणात्मक वर्णनका साथमा गरिएको मूल्यमा आधारित निर्णयलाई नै मूल्याङ्कन भनिन्छ । विद्यार्थी मूल्याङ्कनका तीन नियम (Criteria) छन् : उत्पादन (Product), प्रक्रिया (Process) र वृद्धि (Progress) ।

उत्पादन निर्णयात्मक मूल्याङ्कनसँग सम्बन्धीत छ । यसले वर्षको अन्तिममा मुख्य आधारका रूपमा लिइने परीक्षालाई (प्राय: लिखित) प्रतिनिधित्व गरेको पाइन्छ । प्रक्रिया निर्माणात्मक मूल्याङ्कनसँग सम्बन्धीत छ । यसले सिकाइमा सहभागितादेखि अन्तिम परीक्षासम्मका सबै पक्षलाई एकीकृत रूपमा प्रस्तुत गर्छ । वृद्धि भने निरन्तर विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धीत छ । यसले निरन्तर सिकाइ, मूल्याङ्कन, उपचारात्मक शिक्षण तथा पृष्ठपोषणलाई महत्त्व दिन्छ ।

## महत्त्व :

मूल्याङ्कन र सिकाइ सहजीकण एकअर्काका परिपूरक हुन् । यीमध्ये कुनै एकको अभावमा सिकाइ अधुरो हुन्छ । स्वसिकाइमा आधारित सिकाइको मूल्याङ्कनका लागि अवलोकन, प्रश्नोत्तर र छलफल, लिखित परीक्षा, कार्य सञ्चयिका (Portfolio), आत्ममूल्याङ्कन (Self Evaluation), साथी सङ्गीबाट हुने मूल्याङ्कन (Peer Evaluation), शिक्षक तथा विज्ञसँगको सम्पर्क र प्रतिक्रियासम्बद्ध विधि वा साधन उपयोगी मानिन्छन् । यस क्रममा विद्यार्थीले नियमित गर्ने कार्य, परियोजना कार्य र विद्यार्थीमा आएको व्यावहारिक परिवर्तन नै प्रमुख पक्ष बन्न पुग्छन् । यसर्थ सिकाइको मूल्याङ्कनको महत्त्व कक्षाकोठामा मात्र नभई अन्यत्र पनि उत्तिकै रूपमा रहेको हुन्छ ।

## प्रभावकारी प्रयोग :

- शिक्षक तथा विज्ञको सहयोगमा रुजुसूची तयार पार्ने र सोअनुसार विद्यार्थीको सिकाइ अवस्था यकिन गर्ने,
- विद्यार्थीको क्रियाकलापका आधारमा घटनात्मक अभिलेख तयार पार्ने,
- स्थानीय विज्ञ, उपलब्ध शिक्षक वा माथिल्ला कक्षाका विद्यार्थीको सहयोगमा विद्यार्थीको सिकाइका सम्बन्धमा विमर्श गर्ने,
- विद्यार्थीलाई आफ्नो बहीखाता बनाउन लगाउने र सोका आधारमा उत्प्रेरणा प्रदान गर्ने । यदि कुनै विद्यार्थीले समस्या अनुभव गरेमा वा महसुस गरेमा सोको समाधानका उपायहरू पत्ता लगाउने,
- सिकाइसँग मूल्याङ्कन गर्दा आवश्यकता अनुसार साधनमा विविधता ल्याउने ।

वैकल्पिक सिकाइमा आधारित निम्नानुसार जस्तै मूल्याङ्कनका साधनहरूमा विविधिता ल्याई सिकाइ र मूल्याङ्कनलाई अन्तरसम्बन्धीत र प्रभावकारी बनाउन सकिन्छ :

- घटनात्मक अभिलेख (Anecdotal Record) : दैनिक क्रियाकलापका क्रममा विविध घटना र व्यवहारको अवलोकन प्रक्रियाको अनौपचारिक अभिलेख घटनात्मक अभिलेख हो । यो पूर्णत: अभिभावकको तजबिजमा आधारित मूल्याङ्कनको साधन हो,
- रुजुसूची (Checklist) : सिकारुले हासिल गरेका सिप, व्यवहार वा आचरणको सूची रुजुसूची हो । यसलाई अभिभावक, शिक्षक तथा विद्यार्थीले जोडीमा आधारित भई, समूहमा आधारित भई वा आत्म मूल्याङ्कनका लागि पनि प्रयोग गर्न सक्छन्,
- विमर्श (Conference) : विद्यार्थीको प्रगतिका सम्बन्धमा शिक्षक, विद्यार्थी, अभिभावक आदिसँग छलफल, कुराकानी, भेटघाट आदि गर्नु नै विमर्श हो । यसमा विद्यार्थीलाई आफ्ना विचार प्रस्तुत गर्ने मौका दिइन्छ,

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
SMC Federation of Nepal
cnt ने.शि.म.
Nepal Education Cluster नेपाल शिक्षा समूह
unicef

- बहीखाता (Journal) : यो यस्तो स्मृति पुस्तिका हो जसमा विद्यार्थीले सिकाइ र अनुभवका सम्बन्धमा स्वाभाविक वा स्वयम् प्रेरित प्रतिक्रिया अभिलेख राख्छन् । यसबाट विद्यार्थीको सिकाइ स्तर तथा गतिविधि आँकलन गर्न सहजता प्राप्त हुन्छ,

- मौखिक वाचालता मूल्याङ्कन (Oral Fluency Assessment) : यो अनौपचारिक रूपमा सम्पन्न गरिने मूल्याङ्कनको एक साधन हो । कुनै विधाका विषय वस्तुको गति, यति र लयसहित सस्वर वाचनका क्रममा यस साधनलाई प्रयोगमा ल्याइन्छ,

- अवलोकन (Observation) : अवलोकन अनौपचारिक रूपमा प्रयोगमा ल्याइने मूल्याङ्कनको साधन हो । विद्यार्थीका गतिविधि अवलोकनबाट उसका सबल तथा सुधार गर्नुपर्ने पक्ष, व्यवहारको किसिम तथा धारणासम्बन्धी रणनीति बुझ्न र त्यसमा आवश्यक सुधार कार्य प्रारम्भ गर्न मदत मिल्छ,

- जोडी मूल्याङ्कन (Peer Assessment) : यो मूल्याङ्कनको एक साधन हो जसले विद्यार्थीलाई उनीहरूको उद्देश्य वा लक्ष्यमा पुग्न साथीले हासिल गरेको ज्ञान, सिप तथा अभिवृत्ति तुलनात्मक लेखाजोखा गर्छ । साथै उनीहरूको सिकाइमा थप स्पष्टता ल्याउन र विस्तार गर्न सहयोग गर्छ,

- प्रस्तुति मूल्याङ्कन (Performance Assessment) : मूल्याङ्कनका क्रममा यो अनौपचारिक तथा औपचारिक दुवै स्वरूपमा प्रयोगमा ल्याइन्छ । यसमा विद्यार्थीले आफ्नो सिकाइलाई पूर्णता दिन प्रयोगात्मक प्रस्तुतिलाई आधारका रूपमा उपयोग गर्छन्,

- परियोजना कार्य (Project Work) : परियोजना कार्य शिक्षक वा अभिभावकले विद्यार्थीलाई ज्ञान, सिप आदि विकास गर्नका लागि सन्दर्भ मिल्ने गरी दिएको कार्य हो । यो विषयको प्रकृतिअनुसार फरक फरक हुन्छ,

- आत्म मूल्याङ्कन (Self-Assessment) : सिकारु आफैँले आफ्ना उपलब्धि र कमजोरीको जानकारी प्राप्त गरी भविष्यमा आफ्नो सिकाइमा आफैँले सुधार ल्याउने योजनाको कार्यान्वयन नै आत्म मूल्याङ्कन हो । यसका लागि सिकारुहरूलाई उनीहरूले प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि सजिलै सिक्न सकेको र सिक्न कठिनाइ परेका पाठ्यांश आदिका सम्बन्धमा आफैँले लेखाजोखा गरी उपयुक्त निर्णय लिने तरिका सिकाइन्छ । आत्म मूल्याङ्कनका लागि विद्यार्थीले आफ्नो व्यवहार, शैक्षिक उपलब्धि, सक्षमता वा गुणहरूको सूची तयार गरी रुजुसूची (Check list) वा श्रेणी मापन (Rating scale) जस्ता साधन तयार गर्नुपर्छ र त्यस्ता साधनहरूको प्रयोग गरेर आफ्नो मूल्याङ्कन गर्नुपर्छ ।

- लिखित परीक्षा (Writing Test) : यो लेखन सिपमा आधारित साधन हो । यो स्तरीकृत परीक्षा, रुब्रिक्स, वार्षिक परीक्षा आदि साधनका सन्निकट साधन पनि हो ।

उल्लिखित व्यवस्थाका साथै पाठ्यक्रम समायोजन ढाँचा, २०७७ मा निर्धारित भएका मूल्याङ्कनसम्बन्धी व्यवस्थालाई समेत अन्तरसम्बन्धित बनाई सिकाइकै अभिन्न अङ्गका रूपमा मूल्याङ्कनलाई उपयोग गरी यसको प्रमाणीकरण र अभिलेखीकरण गर्नुपर्ने छ । विस्तृतमा : http://nepaknol.org.np/cdc/elibrary/pages/search.php

## आवश्यक सिप :

- विषयवस्तुमा आधारित ज्ञान तथा सिप
- मूल्याङ्कन साधनको प्रयोग सिप
- सिकाइका स्तर र प्रकार अनुसार प्रश्न निर्माण र प्रयोग
- नेतृत्व सिप
- रचनात्मक सिप
- अभिलेख सिप
- नतिजा विश्लेषण तथा उपयोग सिप
- सहयोग तथा सहकार्य सिप

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
SMC Federation of Nepal
cnt ने.शि.म.
Nepal Education Cluster नेपाल शिक्षा समूह
unicef